266

राष्ट्रिय सूचना आ...
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३४३/२०७१/०७२

बाँके ने.ग.उ.म.न.पा.वा १ हाल काठमाडौं बस्ने सुधिर शाह .......................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, शुभम् वचत तथा ऋण सहकारी संस्था लि., बाँके .................................१ विपक्षी
सूचना अधिकारी, शुभम् वचत तथा ऋण सहकारी संस्था लि., बाँके .................................१

विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्ने ।

बाँके ने.ग.उ.म.न.पा.वा १ हाल काठमाडौं बस्ने सुधिर शाहले शुभम् वचत तथा ऋण सहकारी संस्था लि., बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।१२।३० को खुलाई पठाई दिनु भनी पत्राचार भएकोमा शुभम् वचत तथा ऋण सहकारी संस्था लि., बाँकेको मिति २०७२।०१।२३, च.नं.१८३ को पत्र मार्फत यस आयोगलाई पुनरावेदकले माग गरेको सूचना खुलाई पठाई सो को बोधार्थ निज पुनरावेदकलाई समेत दिएको देखिदा निज निवेदकले सूचना नपाएको भए आयोगमा रहेको मिसिलबाटै प्रतिलिपि प्राप्त गर्न सकिने देखिदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।